सखुवा प्रसौनी गाउँपालिका

स्थानीय राजपत्र

खण्ड:५ संख्या:७ मिति: २०८२।१०।१९

भाग २

सखुवा प्रसौनी गाउँपालिका

# विद्यालय अनुदान व्यवस्थापन निर्देशिका,२०८२

प्रमाणिकरण मिति २०८२।१०।२१

# विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०८२

प्रस्तावना

सामुदायिक विद्यालयहरुमा गाउँपालिकावाट उपलब्ध हुने अनुदानको आधार तय गर्न अनुदानको उच्चतम उपयोगमा सघाउ पुर्याउन तथा विद्यालयहरुको वित्तीय सुशासन,पारदर्शिता तथा व्यवस्थापनमा सुधार ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि सहजिकरण गर्न आवश्यक देखिएकोले सखुवा प्रसौनी, शिक्षा ऐन, २०७७ को दफा १३ को उपदफा १ र २ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकावाट विद्यालय अनुदान व्यवस्थापन निर्देशिका , २०८२ जारी गरिएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नामर प्रारम्भः

१.१ यो निर्देशिकाको नाम विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०८२ रहेको छ ।

१.२ यो निर्देशिका सखुवा प्रसौनी गाउँपालिकामा संचालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा लागु हुने गरी तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाःविषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा

२.१ "गाउँपालिका"भन्नाले सखुवा प्रसौनी गाउँपालिकालाई जनाउनेछ ।

२.२ "सभा" भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको गाउँ सभालाइ जनाउनेछ ।

२.३ "गाउँकार्यपालिका" भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको कार्यपालिकालाई जनाउनेछ ।

२.४ "अध्यक्ष" भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

२.५ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

२.६ "शिक्षा शाखा" भन्नाले सखुवा प्रसौनी गाउँपालिकामा रहेको शिक्षा शाखालाई जनाउनेछ ।

२.७ "सर्सत आधारभूत अनुदान" भन्नाले विद्यालयलाई दिइने शिक्षक तलव भत्ता विद्यालय कर्मचरीहरुको तलव भत्ता निःशुल्क पाठ्यपुस्तक ,विद्यालयव्यवस्थापन खर्च तथा छात्रवृतिलाई सम्झनुपर्दछ । साथै विद्यलयहरुको पूर्वाधार विकासका लागि शीर्षक तोकी समय समयमा प्राप्त हुने अनुदान समेतलाई जनाउने छ ।

२.८ "एकमुष्ठ अनुदान" भन्नाले हालसम्म कुनै पनि स्वीकृत शिक्षक दरवन्दी राहत शिक्षक अनुदान प्राप्त नगरेका र भविष्यमा शिक्षक दरबन्दी वा राहत शिक्षक अनुदान नलिने गरि विद्यालयलाई प्राप्त हुने सुत्रमा आधारित अनुदानलाई सम्झनु पर्दछ । साथै यसले विद्यायालयको समग्र पक्षको विकासका लागि प्रचलित कानुनको परिधिमा रहि विद्यालयव्यवस्थापन समितिले अद्यावधिक विद्यालयसुधार योजनाको आधारमा आफै प्राथामिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्यायलर्य विद्यायलई प्राप्त हुने अनुदान लाई समेत जनाउने छ ।

CamScanner

२.९. "कार्यसम्पादन अनुदान":भन्नाले विद्यालयले हासिल गरेको उपलब्धिको आधारमा विद्यालयको थप क्षमता अभिविद्धि गर्न समेत आधारभूत अनुदान तथा एकमुष्ठ अनुदानका अतिरिक्त दिईने थप अनुदानलाई जनाउने छ।

२.१०. "विज्ञान विषय संचालन गर्ने विद्यालयलाई अनुदान" भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदान अतिरिक्त दिइने थप अनुदानलाई जनाउने छ।

२.११ "प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा संचालन गर्न विद्यालयलाई अनुदान" भन्नाले कक्षा ९ देखि प्राविधिक तथा व्यावसायिक विषयको अध्यापन गराउने सामुदायिक माध्यामिक विद्यालयलाई दिईने थप अनुदानलाई जनाउने छ।

२.१२. "ऐन" भन्नाले सखुवा प्रसौनीको शिक्षा ऐन, २०७७ लाई जनाउने छ।

२.१३. "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालय लाई जनाउने छ।

२.१४"नमूना विद्यालय" भन्नाले नमूना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ बमोजिम छनौट तथा व्यवस्थापन भएका विद्यालय जनाउने छ।

## परिच्छेद-२ उदेश्य

३. उदेश्य:

यो निर्देशिका विद्यालय लाई दिने अनुदानलाई व्यवस्थित गर्न तथा विद्यालयले विद्यालय सुधार योजना बनाई कार्यान्वयन गर्ने क्रममा विद्यालय व्यवस्थापन र सहयोग गर्ने साझेदारहरुको मार्गदर्शन हुनेछ। यो निर्देशिका जारी गर्नुका उदेश्यहरु देहायवमोजिम छन् :

३.१.उपलब्ध स्रोत र साधनको समुचित परिचालनमा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार तथा अधिकार सम्पन्न बनाई गुणस्तरयुक्त शैक्षिक वातावरण तयार गर्ने सघाउ पुर्याउनु।

३.२. विद्यालयस्तरीय सूचकका आधारमा विद्यालयलाई विद्यालयको प्रगतिसंग आवद्ध गर्नु।

३.३. अनुदान पद्धतिका माध्यमवाट विद्यालयलाई सरोकारवालाहरुसंग सहकार्य गरी स्व मूल्याङ्कन गर्न अभिप्रेरित गर्नु।

३.४. विद्यालयमा प्राप्त गर्ने अनुदानलाई अनुमान योग्य र पारदर्शीता वनाउनु।

३.५. विद्यालयमा हुने आर्थिक गतिविधिलाई पारदर्शीता वनाई वित्तीय सुशासन कायम गर्नु।

CamScanner

परिच्छेद-३

विद्यालय अनुदानका आधारहरु

४. विद्यालय अनुदानः विद्यालय अनुदान देहाय बमोजिम हुने छन् ।

४.१ ससर्त आधारभूत अनुदान:

स्वीकृत दरवन्दी कार्यरत शिक्षकहरु , राहत अनुदानमा कार्यरत सवै शिक्षकहरु , प्रारम्भिक वालविकास शिक्षको विद्यालयमा कार्यरत कर्मचारीहरुका तलव भत्ता ससर्त अनुदानका रुपमा उपलब्ध हुने छ । यसका साथै निःशुल्क पाठ्यपुस्तक, विभिन्न प्रकारका छात्रवृत्ति, विद्यालय व्यवस्थापन अनुदान तथा समय समयमा विद्यालय भौतिक सुधार सम्वन्धी कार्यक्रमका लागि ससर्त अनुदान उपलब्ध हुने छ । विद्यालयले प्राप्त गर्ने ससर्त अनुदान सम्वन्धी विवरण तथा आधारहरु अनुसूचि - १ अनुसार हुनेछ ।

४.२. एकमुष्ठ अनुदानः सामुदायिक विद्यालयको सर्वपक्षीय विकासमा सघाउ पुऱ्याउन तथा विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध हुनेछ । गाउँपीलकावाट कुनै पनि शिक्षक दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेको विद्यालयले भविश्यमा शिक्षक दरवन्दी तथा राहत शिक्षक तथा अनुदान उपलब्ध गराउन सकिनेछ । साथै कुनै सामुदायिक विद्यालयले विद्यालयमा रहेको शिक्षक दरवन्दी तथा राहत शिक्षकको अनुदानका आधारमा विद्यालय संचालन गर्न चाहेमा त्यस्ता विद्यालयलाई एकमुष्ठ अनुदानका आधारमा विद्यालय संचालन गर्न चाहेमा त्यस्ता विद्यालयलाई अनुदान उपलब्ध गराउन सकिने छ ।

४.२.१ विज्ञान विषय संचालन गर्ने विद्यालय लाई अनुदानः कक्षा ११ र ११२ मा विज्ञान बिषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदान अतिरित्त थप अनुदान उपलब्ध हुने छ ।

४.२.२. प्राविधिक तथा व्यवशायिक माध्यामिक शिक्षा संचालन गर्ने विद्यालयलाई अनुदानः कक्षा ९ देखि व्यवसायिक विषयको अध्यापन गर्ने सामुदायिक माध्यामिक विद्यालयलाई अनुसूचि -३ अनुसार थप अनुदान उपपलब्ध हुने छ ।

४.२.३. नमुना विद्यालय तथा व्यावसायिक प्रवर्तनात्मक कार्य संचालनका लागि अनुदान : नेपाल नेपाल सरकारले गाँउपालिकाको नमुना विद्यालय भनी निर्णय गरेको विद्यालयलाई विद्यालयले पेस गरेको प्रस्तावका आधारमा प्रवर्तनात्मक कार्य संचालनका लागि थप अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

४.२.४. एक जनामात्र शिक्षक भएका तथा बहुकक्ष वहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान : एक जना मात्र शिक्षक भएका विद्यालय तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई संचालन व्यवस्थापनमा थप सहज वनाउन प्रस्तावका आधारमा वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराईनेछ ।

४.२.५. बहुभाषिक शिक्षण गर्ने विद्यालयका लागि अनुदान : नेपाली भाषमा समेत अध्यापन गराउने विद्यालयका लागि नियमित अनुदानका अतिरिक्त थप वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराईनेछ ।

४.२.६. कार्यसम्पादनमा आधारित अनुदानः विद्यालयले सम्पादन गरेको काम र हासिल गरेको उपलब्धि लाई थप प्रोत्साहित गरी गुणस्तरीय शिक्षाको प्रर्वदनका लागि माथि उलेखित अनुदानका अतिरिक्त प्रोत्साहन अनुदान उपलब्ध हुनेछ । विद्यालयको कार्यसम्पादन मापन तथा अनुदान प्राप्त गर्ने आधार अनुसूची ३ अनुसार हुनेछ ।

CamScanner

## परिच्छेद-४
## समिति सम्बन्धी व्यवस्था

५. गाउँपालिका स्तरीय प्राविधिक समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुने छ :

५.१. गाउँपालिका स्तरीय प्राविधिक समिति : यस गाउँपालिकाका विद्यालयमा जाने अनुदान विद्यालय तथा विद्यार्थी विवरण एकिन गरी गाउँ सभासमक्ष पेस गर्न देहायबमोजिमको गाउँपालिका स्तरीय प्राविधिक समिति हुने छ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | -अध्यक्ष |
| ख) इन्जिनियर/सब इन्जिनियर | -सदस्य |
| ग) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| घ) कर्मचारी प्रशासन /खरिद इकाई/सदस्य | -सदस्य |
| ङ) योजना हेर्ने अधिकृत | -सदस्य |
| च) स्रोत व्यक्ति | -सदस्य |
| छ) शिक्षा शाखा प्रमुख | -सदस्य सचिव |

५.२ गाउँपालिका स्तरीय प्राविधिक समितिको काम कर्तव्य र अधिकार

गाउँपालिका स्तरीय प्राविधिक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) विद्यालयबाट प्राप्त निकासा माग दावी फारम र सत्यापन (Verification)गर्ने ।

ख) विद्यालयलाई दिइने अनुदान रकम निकासा दिन सिफारिस गर्ने ।

ग)अनुगमनको क्रममा विद्यालयहरुले तोकिए बमोजिम नगरेको पाइएमा नियमित गर्न सुझाव दिने र आवश्यक कारवाहीका लागि सिफारिस गर्ने ।

घ)विद्यालयबाट प्राप्त आर्थिक प्रतिवेदनहरुको विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्ने ।

ङ) विद्यालयको सामाजिक परीक्षणहरुको प्रतिवेदन तथा वित्तिय लेखापरीक्षणको प्रतिवेदन विश्लेषण गरी सुधारको लागि सुझाव पेस गर्ने । च) विद्यालय अनुसूचि -२ को २,४,२,५,२,६ मा उल्लिखित विषयहरुमा पेस गरेको प्रस्ताव छानबिन गरी निकासाका लागि सिफारिस गर्ने ।

CamScanner

परिच्छेद-५

अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने अनिवार्य सर्तहरु :

६. अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने अनिवार्य सर्तहरु देहायवमोजिम रहेका छन् :

६.१ सर्सत आधारभुत तथा एकमुष्ठ अनुदान : अनुदान प्राप्त गर्ने प्रयेक विद्यालयले कार्यहरु अनिवार्य रुपमा गर्नुपर्नेछ ।

क) विद्यालय सुधार योजना : प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक भौतिक ,आर्थिक तथा व्यवस्थापकीय पक्ष सुधारका कार्यक्रम समटिएको आवधिक विद्यालय सुधार योजना तयार गर्नु पर्नेछ। प्रत्यक वर्ष अद्याविक गर्नुपर्नेछ।

ख) लेखा परीक्षण तथा सामाजिक परीक्षण: प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको आर्थिक कारोवारको नियमितरुपमा लेखापरीक्षण एवम् विद्यालयको सम्पूर्ण वार्षिक विद्यालय क्रियाकलापहरुको सामाजिक परिक्षण विद्यालयहरुको आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखा परीक्षण प्रतिवेदन सँग आवद्ध वनाइनेछ।

(ग) विद्यालयको वार्षिक कार्ययोजना :विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा वजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नुपर्ने ।

घ) प्रतिवेदन सम्प्रेषण : प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु वार्षिक लेखापरिक्षण प्रतिवेदन , आन्तरिक लेखापरिक्षण प्रतिवेदन र सामाजिक परीक्षण प्रतिवेदन चौमासिक प्रतिवेदनहरु तयार गरी गाउँपालिका शिक्षा शाखामा पेस गर्नपर्ने छ।

ङ) तथ्याङ्क व्यवस्थापन :प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको सुरुमा Flash 1 , EMIS student Id तयार गरि शैक्षिक सत्रको अन्तमा तोकिए वमोजिमको शैक्षिक तथ्याङ् (flash ii) भरी शिक्षा शाखामा पेस गर्नुपर्नेछ।

६.२ कार्यसम्पादनमा आधारित अनुदान :

कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि अनुसूचि -३ मध्ये निम्न सूचकहरुमा न्यूनतम अङ्क प्राप्त गरेको हुनुपर्ने छ।

क) विद्यार्थीले हासिल गरेको औषत सिकाई उपलब्धि ख) विद्यार्थीले आन्तरिक सक्षमताको अवस्था

ग) विद्यालय व्यवस्थापन समितिको गठन

घ) सामाजिक परिक्षण

ङ) विद्यालय सुधार योजना तथा वार्षिक अद्यावधिकरण

च) पाठ्यपुस्तकको उपलब्धता

छ) लेखा परीक्षण

ज) चौमासिक प्रतिवेदन सम्प्रेषण

झ) शिक्षक उपस्थिति वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन।

CamScanner

## परिच्छेद-६

## अनुदान माग र निकासाको प्रक्रिया

७. अनुदान प्राप्त गर्ने सम्वन्धि व्यवस्था

७.१ स्वमूल्याङ्कन सम्बन्धी व्यवस्था:

७.१.१ विद्यालयले अनुसूचि १ अनुसार ससर्त आधारभूत अनुदान प्राप्त गर्नका लागि शिक्षा शाखामा विवरण पेस गर्नु पर्ने छ ।

७.१.२ विद्यालयले अनुसूचि २ अनुसारको एकमुष्ठ अनुदान प्राप्त गर्नका लागि शिक्षा शाखामा विवरण पेस गर्नु पर्ने छ ।

७.१.३. विद्यालयले अनुसूचि ३ अनुसारको कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि शिक्षा शाखामा विवरण पेस गर्नु पर्ने छ ।

उपर्युक्तानुसारका ससर्त आधारभुत अनुदान एकमुष्ठ अनुदान र कार्यसम्पादनमा आधारित अनुदान माग गर्नका लागि अनुसूचि -४ वमोजिमको फारम प्रयोग गर्नु पर्ने छ ।

७.२ शिक्षा शाखाले मूल्याङ्न गर्ने : शिक्षा शाखाले यसरी विद्यालयले स्वमूल्याङकन गरी पेस गरेको फारम स्थलगत रुपमा आवश्यक कागजात समेत हेरी प्रमाणीकरण गरि शिक्षा शाखा प्रमुख मार्फत गाउँपालिका कार्यालयको प्राविधिक समिति समक्ष पेस गर्नपर्ने ।

७.३ गाउँपालिका स्तरीय प्राविधिक समितिले मुल्याङ्कन गर्ने : यस निर्देशिकामा उल्लेखित गाउँपालिकास्तरीय प्राविधिक समितिले शिक्षा शाखावाट प्रमाणीकरण भई प्राप्त भएको विद्यालयको स्वमूल्याङ्कन फारम लाई पालिका प्राविधिक समितिले मूल्याङ्कन गरी औचित्यता तथा केही विद्यालयको नमूना अवलोकन समेत गरी शिक्षा शाखा प्रमुख मार्फत गाउँ कार्यपालिकामा अनुदान निकासाका लागि सिफारिस गर्नुपर्ने छ ।

CamScanner

## अनुसूची १ सर्सत आधारभुत अनुदान

१.शिक्षक तलब भत्ता

१.१ स्थायी शिक्षक

| क.स. | तह | श्रेणी | न्युनतम स्केल | ग्रेड रकम समायोजन | चाडपर्व खर्च | कं.स कोष | बीमा | पोसाक रु. | महगी भत्ता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत प्राथमिक | प्रथम श्रेणी | ४३६८९ | १४५६ | खाइपाई आएको एक महिनाको तलब | खाइपाइ आएको तलबको १० प्रतिशत | प्रतिमहिना ४००।- | १०,०००।- | प्रतिमहिना १०००।- |
| २ | आधारभूत प्राथमिम | द्वितीय श्रेणी | ३४७३० | ११५८ | | | | | |
| ३ | आधारभूत प्राथमिक | तृतीय श्रेणी | ३२९०२ | १०९७ | | | | | |
| १ | आधारभूत निम्नमाध्यामिक | प्रथम श्रेणी | ४५८६२ | १५२९ | | | | | |
| २ | आधारभूत निम्नमाध्यामिक | द्वितीय श्रेणी | ४३६८९ | १४५६ | | | | | |
| ३ | आधारभूत निम्नमाध्यामिक | द्वितीय श्रेणी | ३४७३० | ११५८ | | | | | |
| १ | माध्यामिक | प्रथम श्रेणी | ५६७८७ | १८९३ | | | | | |
| २ | माध्यामिक | द्वितिय श्रेणी | ४६७३७ | १६२५ | | | | | |
| ३ | माध्यामिक | तृतीय श्रेणी | ४३६८९ | १४५६ | | | | | |

नोट :नेपाल सरकारको तलबमानमा भएको परिवर्तन अनुसार तलब तथा सुविद्या स्वत : हेरफर भएको मानिने छ ।

१.२ शिक्षक तलब -अस्थायी/करार शिक्षक)

CS CamScanner

| क.स. | तह | श्रेणी | न्युनतम तलब रु. | चाडपर्व खर्च | पोशाक | महगी भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत -कक्षा १देखी ५) | तृतीय श्रेणी | ३२,९०२। | खाइपाई आएको एक महिनाको तलव | प्रतिमहिना १००००। | प्रतिमहिना ५०००।- | पोशाक भत्ता ६ महिना भन्दा बढि काम गरेकाका लागि मात्र |
| २ | आधारभूत (कक्षा ६ देखी ८) | तृतीय श्रेणी | ३४,७३०। | | | | |
| ३ | माध्यामिक (कक्षा ९ र १०) | तृतीय श्रेणी | ४३,६८९। | | | | |
| ४ | माध्यामिक (कक्षा ११ र १२) | | ४८,७३७। | | | | |

१.३ शिक्षक तलव - (गाउँपालिकावाट निर्धारण गरेका दरवन्दी )

| क.स. | तह | श्रेणी | न्युनतम तलब रु. | चाडपर्व खर्च | पोशाक | महगी भत्ता | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत -कक्षा १देखी ५) | तृतीय श्रेणी | २००००। | खाइपाई आएको एक महिनाको तलव | प्रतिमहिना ५०००। | | पोशाक भत्ता ६ महिना भन्दा बढि काम गरेकाका लागि मात्र |
| २ | आधारभूत (कक्षा ६ देखी ८) | तृतीय श्रेणी | २५०००। | | | | |
| ३ | माध्यामिक (कक्षा ९ र १०) | तृतीय श्रेणी | ३००००। | | | | |
| ४ | माध्यामिक (कक्षा ११ र १२) | | ३५०००। | | | | |

नोट : गाउँ कार्यपालिका,गाउँ सभावाट तलव मापनमा भएको परिवर्तन अनुसार तलब तथा सुविधा स्वत हेरफेर भएको मानिने छ ।

१.३ शिक्षक तलव(राहत,शिक्षक,स्रोतव्यक्तिको सट्टामा कार्यरत तथा प्रारम्भिक वालविकास सहजकर्ता )

| क.स. | तह | श्रेणी | न्युनतम तलब मासिक (रु) | चाडपर्व खर्च | प्राविधिक भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत -(कक्षा १देखी ५) | तृतीय श्रेणी | ३२९०२। | खाइपाई आएको एक महिनाको तलब | | |
| २ | आधारभुत (कक्षा ६ देखी ८) | तृतीय श्रेणी | ३४७३०। | | | |
| ३ | माध्यामिक -कक्षा ९ र १०) | तृतीय श्रेणी | ४३६८९। | | | |
| ४ | उ.मा.वि. शिक्षक अनुदान -कक्षा ११ र १२ | तृतीय श्रेणी | ४८७३७। | | | |
| ५ | प्रशिक्षक -माध्यामिक ९ र १० | तृतीय श्रेणी | ४३६८९। | | ३०००। | प्रशिक्षक र सहायक प्रशिक्षकका लागि मात्र (१० महिनाको लागि मात्र) |
| ६ | प्रशिक्षक -माध्यामिक ११ र १२ ) | तृतीय श्रेणी | ४८७३७। | | ३०००। | |
| ७ | सहायक प्रशिक्षक आधारभुत - नि.मा.वि तह सरह | तृतीय श्रेणी | ३४७३०। | | ३०००। | |
| ८ | बालविकास सहजकर्ता | तृतीय श्रेणी | १९०००। | | | |
| ९ | प्रधानााध्यापक भत्ता | | | | | |
| १० | प्रधानाध्यापक प्रोत्साहन भत्ता प्रा.वि | २०० | | | | |
| ११ | प्रधानाध्यापक भत्ता आधारभुत तह | ३०० | | | | |
| १२ | प्रधानाध्यापक भत्ता मा.वि | ५००। | | | | |

नोट : नेपाल सरकारबाट तलबमान भएको परिवर्तन अनुसार तलब तथा सुविधा स्वत हेरफेर भएको मानिनेछ।

२. पाठ्यपुस्तक:

नोट : पाठ्यक्रम विकास केन्द्रले समय समयमा अद्यावधिक गरी स्वीकृत भएको दररेट कायम भएको मानिने छ।

३. छात्रवृत्ति

| क.स. | छात्रवृत्तिको प्रकार | आधारभुत शिक्षा | माध्यामिक शिक्षा | कक्षा ९-२० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | दलित | रु.४००। प्रति व्यक्ति प्रति वर्ष | रु. ४००। प्रति व्यक्ति प्रति वर्ष | रु ५००। प्रति व्यक्ति प्रति वर्ष | |
| २ | सहिदका छोराछोरी | १२०००।- प्रति व्यक्ति प्रति वर्ष प्रति महिना १०००। | रु १८,०००। प्रति व्यत्ति प्रति वर्ष रु १५००। प्रति महिना | रु १८,०००। प्रति व्यक्ति प्रति महिना १५००। | २४०००। प्रति व्यक्ति प्रति वर्ष रु २०००।प्रति महिना |
| ३ | द्वन्द्व पीडित | १,००००। प्रति व्यक्ति प्रति वर्ष | रु. १८०००। प्रति व्रयक्ति प्रति वर्ष रु.१५०००। प्रति महिना | रु १४,०००। प्रति व्यक्ति प्रति वर्ष | १६०००। प्रति वर्ष प्रति वर्ष |
| | अपाङ्ग वृत्ति | | | | |
| | आवासीय छात्रवृत्ति | | | | |
| | सहयोगी सहायता सेवा छात्रवृत्ति | ५००। प्रति महिना (१० महिना) | | | |
| | यातायात छात्रवृत्ति | रु.३००। प्रति महिना (१० महिना | | | |
| | शैक्षिक सामग्री छात्रवृत्ति | १००। प्रति महिना १० महिना) | | | |

३.१. छात्रवृत्ति -गैरआवासीय

| क.स. | छात्रवृत्ति प्रकार | आधारभुत तह कक्षा ८ | कक्षा ९-१० | कक्षा ११-१२ | कैफियत | |
|---|---|---|---|---|---|---|
| १ | विपन्न लक्षित छात्रवृत्ति (विज्ञान विषय अध्ययनरत विद्यार्थीहरु | | | रु.२४,०००।- | | |
| २ | विपन्न लक्षित छात्रवृत्ति विज्ञान विषय बाहेकका लागि | | रु.६,०००। | रु १८०००। | | |
| ३ | विपन्न लक्षित छात्रवृत्ति | | रु ६,०००। प्रतिव्यक्ति प्रतिवर्ष | | शैक्षिक सत्र २०८२ देखि लागु हुने | |
| ४ | उत्कृष्ट जि.पि.ए ल्याउने छात्र १छात्रा १ छात्रवृत्ति | प्रति वर्ष प्रति व्यक्ति ५ हजार | प्रति वर्ष प्रति व्यक्ति ९ हजार | प्रति वर्ष प्रति व्यक्ति १० हजार | एस इइ को २०८२ देखि | |

नोट : छात्रवृत्ति विवरण प्रक्रिया विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७४ बमोजिम हुनेछ ।

३.२ आवसीय छात्रवृत्ति

| क.स. | तह | आवासीय छात्तवृत्ति तथा व्यवस्थापन खर्च | |
|---|---|---|---|
| | | छात्रवृत्ति | छात्राबास संचालन खर्च |

| | | | |
|---|---|---|---|
| १ | अपाङ्ग छात्रवृत्ति आवासीय | रु४०,०००।प्रतिव्यक्ति प्रति वर्ष मासिक ४,०००।हजारका दरले | २५ जना विद्यार्थी बराबर एक समूह मानी प्रति विद्यालयका लागि वार्षिक रु.२५००००।-एकमुष्ठ अनुदान। |
| २ | होस्टेल र छात्रवृत्ति -,फिडर,मोडल विद्यालय) | | |
| ३ | सार्वजनिक निजि साझेदारी संचालित विद्यालय छात्रवृत्ति | | |
| ४ | अति सिमान्कृत समुदायका लागि संचालित आवासिय छात्रवृत्ति | | |

नोट : छात्रवृत्ति विवरण प्रक्रिया विद्यालय छात्रवृत्ति व्यवस्थापन २०७४ बमोजिम हुनेछ।

४. विद्यालय संचालन खर्च

| विद्यालय किसिम | न्युनतम | पी एम इ सी बुक कर्नर |
|---|---|---|
| पूर्व प्राथमिक कक्षा | रु ५०००।- | रु ५००।- |
| कक्षा ०-३ संचालित विद्यालय | रु १५०००। | रु. १५०। |
| कक्षा ०-५ संचालित विद्यालय | रु.१५०००।- | रु. १५०। |
| कक्षा ०-८ संचालित विद्यालय | रु.२००००।- | रु २०० |
| कक्षा ०-१०,६-१०,६-१२ र ९-१२ संचालित विद्यालय | रु.२५०००। | रु.२००। |
| कक्षा ०-१२ संचालित विद्यालय | रु.३००००। | रु२५०। |

नोट : विद्यार्थी संङख्याका आधारमा थप हुने रकम तहगत विद्यार्थी संङख्याको आधारमा कायम हुनेछ।

५. विद्यालय कर्मचारी

| क.स. | विद्यालयको प्रकार | विद्यालय सहयोगी मासिक | विद्यालय सहायक कर्मचारी मासिक | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | कक्षा १-१२ संचालित विद्यालय(१ जना विद्यालय कर्मचारी १ जना विद्यालय सहयोगीका लागि अनुदान | १७०००। | २२०००। | |
| २ | कक्षा १-१० संचालित विद्यालय ६-१० र ९-१२ समेत (१ जना विद्यालय कर्मचारी र १ जना विद्यालय सहयोगिका लागि अनुदान | १७०००। | २२०००। | |
| ३ | कक्षा १-८ संचालित विद्यालय(१ जना विद्यालय सहयोगीका लागि अनुदान | १७०००। | | |
| ४ | कक्षा १ -५ संचालित विद्यालय(१ जना विद्यालय सहयोगीका लागि अनुदान | १७०००। | | |
| ५ | कक्षा १ ३ संचालित विद्यालयलाइ एक जना सहयोगी | १७००० | | |

नोट : विद्यालय कर्मचारी तथा सहयोगीको पारिश्रमिक वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार हुनेछ ।

६.भौतिक विस्तार (पटके सहयोग)

| क.स. | पूर्वाधार | कक्षाकोठाप्रतिकोठा) | प्रयोगशाला र फिक्सड | पुस्तकालय कक्ष फिसिड | ICT Lab कक्ष तथा फिक्सिड | कम्पाउन्ड वाल | WASH सुविद्या सहितको शौचालय छात्र तथा छात्रा | नमूना विद्यायल |
|---|---|---|---|---|---|---|---|---|
| १ | दर | रु.८,००,०००। | रु.९,००,०००। | ६,५०,०००। | रु.६,५०,०००। | प्राविधिक कर्मचारी द्वारा इष्टमेट गर्रिएको रकम ५० प्रतिशत नेपाल सरकार बाट सहयोग हुने | रु.६,००,०००। | स्वीकृत ड्इङ डिजायन तथा लागत अनुमान अनुसार |

अनुसूची २

एकमुष्ठ अनुदान

२.१ सिकाइ वातावरण सुधारका लागि अनुदान -विद्यायल सुधार योजना(**SIP**) आधारित

| विद्यालयको प्रकार | ५०जना सम्म विद्यार्थी | ५१ देखि १००विद्यार्थी | १०१ देखि २०० विद्यार्थी | २०१ देखि ३०० विद्यार्थी | ३०१ देखि ५०० विद्यार्थी | ५०१ देखि ८०० | ८०१ देखि १२०० विद्यार्थी | १२०० मन्दा माथि विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा ० देखि ३ सम्म संचालित विद्यालय | १००००० | १५०००० | २००००० | | | | | |
| कक्षा ० देखि ५ सम्म संचालित विद्यालय | १००००० | १५०००० | २००००० | | | | | |
| कक्षा ० देखि ८ सम्म संचालित विद्यालय | २००००० | ३००००० | ३००००० | | | | | |
| कक्षा ० देखि १०,६ देखि १०,६ देखि १२ र ९ देखि १२ संचालित विद्यालय | ३००००० | | | | | ४००००० | ५००००० | |
| कक्षा ० देखि १२ संचालित विद्यालय | | | | | | ४००००० | ५००००० | |

२.२ कुनै पनि तहमा शिक्षक तथा कर्मचारी अनुदान नपाएका विद्यालयका लागि पटके अनुदान

| विद्यार्थी संङख्या | कक्षा ० देखि ३ सम्म संचालित विद्यालय | कक्षा ० देखि ५ सम्म संचालित विद्यालय | कक्षा ० देखि ८ सम्म संचालित विद्यालय | कक्षा ० देखि ८ सम्म संचालित विद्यालय | कक्षा ० देखि १२ संचालित विद्यालय | कक्षा ६ देखि १० संचालित विद्यालय | कक्षा ६ देखि १२ संचालित विद्यालय | कक्षा ९ देखि १२ संचालित विद्यालय |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अनुदान | ५०००० | ५०००० | ५०००० | ५०००० | १००००० | | | |
| शिक्षक तलब तथा सुविधा | २००००० | २००००० | २००००० | २००००० | १००००० | | | |
| विद्यालय कर्मचारी तलब भत्ता सुविधा | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | |
| व्यवस्थापन सहयोग अनुदान | २००००० | २००००० | २००००० | २००००० | २५०००० | | | |

कुनै पनि तहमा शिक्षक तथा कर्मचारी तलब सुविधा अनुदान प्राप्त नगरेका स्वीकृत विद्यालयका लागि विद्यालय संचालन अनुदान प्राप्त भइरहेका विद्यालयले व्यवस्थापन सहयोग अनुदान प्राप्त गरे पश्चात विद्यालय संचालन अनुदान कटौती हुनेछ ।

| क.स. | विद्यार्थी संङ्ख्या | ४० जना सम्म विद्यार्थी | ४१ देखि ६० जना विद्यार्थी | ६१ देखि ८० जना विद्यार्थी | ८१ देखि १०० जना विद्यार्थी | १०१ भन्दा माथि विद्यार्थी |
|---|---|---|---|---|---|---|
| १ | कक्षा ११ र १२ विज्ञान विषय अध्यापन गराउने विषय | | | | | |
| २ | कक्षा ९ देखि १२ सम्म कम्प्युरट विषय अध्यापन गराउने विद्यालय | २००००० | २००००० | २५०००० | २५०००० | ३००००० |
| ३ | प्राविधिक धार संचालन गर्ने विद्यालय | | | | | |
| ४ | प्रशिक्षक तथा ल्याव व्याइका लागि तलब अनुदान | प्रति विद्यार्थी लागतका आधारमा निकासा हुने रकमबाट व्यहोर्ने | | | | |

२.३ प्राविधिक तथा विज्ञान विषय अध्यापन गराउने माध्यामिक विद्यालयका लागि अनुदान :

३ नमूना विद्यालयका लागि अनुदान :यस प्रकृतिका विद्यालयलाई विद्यालय विकास योजनाका आधारमा थप अनुदान उपलब्ध गराइने छ ।

२.५ एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा-बहुस्तरमा आधारित शिक्षण सिकाइ गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान : यस प्रकृतिका विद्यालयलाई प्रस्तावका आधारमा बढीमा ५० हजार प्रति वर्ष उपलव्ध गराइने छ ।

२.६ बहुभाषिक शिक्षण गर्ने विद्यालयका लागि अनुदान : नेपाली भाषा सहित अन्य भाषाबाट अध्यापन गराउने बहुभाषिक विद्यालयका लागि बढीमा ५० हजार प्रति थप अनुदान उपलव्ध गराउने छ ।

CamScanner

## अनुसूची ३ कार्यसम्पादन मूल्याङ्कन फारम

### १. कार्यसम्पादन मुल्याङ्कन फारम

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालय को स्यमूल्याङ्कन | विद्यालय निरिक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणितकरण गरिएको प्राप्ताङ्क | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| विद्यालय व्यवस्थापन ( १३ अंक | क) विद्यालय व्यवस्थापन समिति गठन बैठक तथा निर्णय कार्यान्यन | - | - | - | शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको गठन भएको भए १ बैठकको १ तथा निर्णय कार्यान्वयन वाफत २ अंक | ४ अंक |
| | ख) शिक्षक अभिभावक संघ गठन बैठक तथा निर्णय कार्यान्व्यन | - | - | - | शिक्षक अभिभावक संघको गठन भएको भए १ बैठक १ तथा निर्णय कार्यान्वन बाफत १ )अक | ३ अंक |
| | ग) बाल क्लवको गठन तथा परिचालन | - | - | - | बाल क्लवको गठन १ तथा परिचालन बाफत १ अंक | २ अंक |
| | घ) अभिभावक भेला र सुझाव कार्यान्वयन | - | - | - | अभिभावक भेला १ र सुझाव कार्यान्वयन बाफत १ अंक | २ अंक |
| | ङ) विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानिय निकाय संघसंस्थाहरु संगको सहकार्य | - | - | - | विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानिय निकाय संघसंस्थाहरु संग सम्झौता गरी सहकार्य गरेको भए १ अंक प्राप्त प्रगति अभिलेखिकरण गरेको भए अंक १ | २ अंक |
| विद्यालयको वार्षिक | क) वार्षिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयन | - | - | - | | १ अंक |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वमूल्याङ्कन | विद्यालय निरिक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणितकरण गरिएको प्राप्ताङ्क | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| शैक्षिक योजना (५ अंक | ४. वार्षिक शैक्षणिक योजनाको निर्माण तथा कार्यान्यन | | | | प्रत्येक शिक्षकले वार्षिक शैक्षिक योजनाको निर्माण गरेको भए १ अंक तथा कार्यान्वयन भएमा १ अंक | २ अंक |
| विद्यालय सुधार योजना | क) विद्यालय सुधार योजनाको निर्माण र वार्षिक अद्यावधिकरण | | | | विद्यालय सुधार योजना निर्माण भएको भए २ अंक वार्षिक अद्यावधिकरण भएमा थप १ अंक | ३ अंक |
| | ख) विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय कार्य योजनाको निर्माण र कार्यान्वयन | | | | विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय सुधार योजना निर्माण भएको भए १ अंक र कार्यान्व्यन भएमा थप १ अंक | २ अंक |
| सुशासन पारदर्शिता | क) नियमित रुपमा सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा | | | | सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा ५अंक | ५ अंक |
| | ख)नियमित रुपमा लेखा परीक्षण गरी प्रतिवेदन बुझाएमा | | | | लेखा परिक्षण गरी प्रतिवेदन बुझाएमा ३ अंक | ३अंक |
| | ग) सूचनापाटीको व्यवस्था र प्रयोग भएको भए थप १ अंक | | | | सूचनापाटीको व्यवस्था भएमा १ त्यसको प्रयोग भएको भए थप १ अंक | २ अंक |
| | घ) चौमासिक प्रतिवेदन सप्रेषण | | | | चौमासिक प्रतिवेदन सम्प्रेषण बाफत २ अंक | २ अंक |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्यमूल्याङ्कन | विद्यालय निरिक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणितकरण गरिएको प्राप्ताङ्क | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| | ङ) विद्यार्थी ,शिक्षक,आंचारसंहिता निर्माण र प्रयोग | | | | विद्यार्थी आचारसंहिता निर्माण र प्रयोग १शिक्षक आचारसंहिता निर्माण र प्रयोग १अंक | |
| न्युनतम सिकाई वातावरण ११ अंक | क) कक्षागत बुककर्नरको व्यवस्था | | | | सबै कक्षामा बुककर्नरको व्यवस्थापन भएमा १ अंक | २ अंक |
| विद्यालय सुधार योजना | ख) शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन | | | | शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन भएमा(साप्ताहिक कार्यतालिका रुटिन) १ | १अंक |
| | ग)सबै विद्यार्थीहरुलाई सेटमा पाठ्यपुस्तकको उपलव्धता | | | | सबै विद्यार्थीहरुलाई शिक्षा नियमावली तोकेको समय सिमा भित्र सेटमा पाठ्यपुस्तकको उपलव्धता भएमा २ अंक | १अंक |
| सुशासन पारदर्शिता | घ) पाठ्यक्रमले निर्धारित गरेको उदेश्य पुरा हुने गरी अतिरिक्त क्रियाकलापको संचालन | | | | अतिरिक्त क्रियाकलाप संचालनको योजना लागि १अंक अभिलेखिकरण भएको भए थप १ अंक | २ अंक |
| | ङ) शैक्षिक सामग्रीको उपलव्धता र प्रयोग | | | | शैक्षिक सामग्रीको उपलव्धता १ र प्रयोग | २अंक |
| | च) विशेष आवश्यकता भएका बालबालिकाहरुको लागि विद्यालयमा पहुँज र सिकाई वातावरणको समुचित व्यवस्थापन | | | | विभागले तोकेको मापदण्ड अनुसार विशेष आवश्यकता भएका बालबालिकाहरुको लागि विद्यालयमा पहुँज सिकाइ वातावरणको समूचित व्यवस्थापन अंक १ | २ अंक |
| | | | | | | १ अंक |

| क्षेत्र | कार्यसम्पादन सुचक | विद्यालय को स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्याङकन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणिकरण गरिएको प्राप्ताक | अंक दिने आधार | अंक भार |
|---|---|---|---|---|---|---|
| शैक्षिक योजना (५ अकं | ४. वार्षिक शैक्षणिक योजना निर्माण र तथा कार्यान्वयन | | | | प्रत्येक शिक्षकले वार्षिक शैक्षिक योजनाको निर्माण गरेको भए १ अंक ड्क तथा कार्यान्यन भएमा १ अंक | |
| विद्यालय सुधार योजना (५ अंक) | (क) विद्यालय सुधार योजनाको निर्माण र वार्षिक अद्यावधिकरण | | | | विद्यालय सुधार योजना निर्माण भएको भए २ अंक वार्षिक अद्यावधिकरण भएमा थप १ अंक | |
| | ख) विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय कार्य योजनाको निर्माण र कार्यान्वयन | | | | विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय सुधार योजना निर्माण भएको भए १ अंक र कार्यान्वयन भएमा थप १अंक | |
| सुशासन पारदर्शिकता (१४ अंक) | क) नियमित रुपमा सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा | | | | सामाजिक परिक्षण गरी प्रतिवेदन बुझाएमा ५ अंक | |
| | ख) नियमित रुपमा लेखापरीक्षण गरी प्रतिवेदन बुझाएमा। | | | | लेखापरिक्षण गरी प्रतिवेदन बुझाएमा ३ अंक | |
| | ग) सुचनापाटी व्यवस्था र प्रयोग भएको भए थप १ अंक | | | | सुचनापाटीको व्यवस्था भएमा १ र त्यसको प्रयोग भएको भए थप १ अंक | |
| | घ) चौमासिक प्रतिवेदन संप्रेषण | | | | चौमासिक प्रतिवेदन सम्प्रेषण बापत २ अंक | |

CamScanner

| क्षेत्र | कार्यसम्पादन सुचक | विद्यालय को स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्याङकन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणिकरण गरिएको प्राप्ताक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| भौतिक वातावरण ११ अंक | क) शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संङख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन | | | | शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संङख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन ३ अंक | |
| | ख) विद्यालयको खानेपानी तथा पानी सहितको छात्रछात्रालाई अलगै शौचालयको व्यवस्था र छ्व्कको व्यवस्थापन | | | | विद्यालयको खानेपानी १ तथा पानी सहितको छात्रछात्राका लागि अलगै शौचालयको व्यवस्था २ र छ्व्क को व्यवस्था १ अंक | |
| | ग) विद्यालयमा खेलमैदान ,घेराबारको सुविधा | | | | विद्यालयमा खेलमैदान र घेराबाराको व्यवस्था भएमा १ अंक | |
| | घ) विद्यालयमा अध्ययन व्यवस्था सहितको पुस्तकालय | | | | विद्यालयमा अध्ययन व्यवस्था सहितको पुस्तकालय भएमा १ अंक | |
| | ङ) विज्ञान प्रयोगशालाको व्यवस्था | | | | विज्ञान प्रयोगशालको व्यवस्था १ अंक | |
| | च) सुरक्षित विद्यालय वातावरण | | | | भुपम्प प्रतिरोधी भवन ,विप् व्यवस्थापन पर्वतयारी योजना र अभ्यास १ अंक | |

| क्षेत्र | कार्यसम्पादन सुचक | विद्यालयको स्वमूल्याङकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्याङकन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणिकरण गरिएको प्राप्ताक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| शैक्षिक सुधार तथा प्राविधिक प्रयोगको अवस्था(६) | क) विद्यालयमा सूचना तथा प्राविधिका साधनहरुको उपलब्धता | | | | कम्प्युटर/ल्याप/पिन्टर,प्रोजेक्टर,इन्टर नेटको उपलब्धता भएमा २ अंक | |
| | ख) व्यवस्थापकिय कार्यमा सूचना तथा प्रविधिको प्रयोग | | | | व्यवस्थापकीय कार्यमा सचना तथा प्रविधिको प्रयोग १ अंक | |
| | ग) शिक्षण सिकाइ क्रियाकलाप सूचना तथा प्रविधिको प्रयोग । | | | | शिक्षण सिकाइ क्रियाकलापमा सुचना तथा प्रविधिको प्रयोग ३ अंक | |
| | | | | | | |

नोट :

१. कार्यसम्पादन अनुदान प्राप्त गर्नाका लागि विद्यालयल माथि उल्लेखित सूचनाहरुमा विद्यालय व्यवस्थापन समितिको गठन ,सामाजिक परीक्षण,विद्यालय सुधार योनना र वार्षिक अद्यावधिकण सेटमा पाठ्यपुस्तकको उपलव्धता ,लेखापरिक्षण,चौमासिक सम्प्रेषण,शिक्षकको उपस्थित र विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयनमा तोकिएको अंक सहित ५० अंक ल्याएकै हुनुपर्नेछ ।

२.प्राप्त अंकको आधारमा आधारभुत तहको विद्यालयहरुले बढीमा दुई लाखसम्म तथा माध्यामिक तहको विद्यालयले बढीमा पाँच लाख प्रोत्साहन अनुदान प्राप्त गर्नेछन् ।

अनुसूची ४

अनुदान माग फारम

क) शिक्षक तथा कर्मचारी तलब सम्वन्धी फारमहरु :

विद्यालयको नाम :

ठेगाना :

रकम जम्मा हुने बैंक :

खाता न :

|  |  |
|---|---|
| वार्षिक स्वीकृत रु. |  |
| हाल सम्म निकासा भएको रु. |  |
| हाल निकासा माग गरिएको |  |
| यो माग फारमको कुल निकासा रु. |  |
| निकासा हुन बाँकी रकम |  |

अनिवार्य भनुपर्ने

| सि.न | नाम | पद | तह | श्रेणी | किमिस/थायी/अ थायी/राहत/लियन | तलब स्केल | ग्रेड | जम्मा | महंगी भत्ता | प्र.अ. भत्ता | थानिय भत्ता | प्राविधिक भत्ता | चाडपर्व खर्च | जम्मा७ देखि ११ | कसकोष | बिमा थप | अन्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |

विद्यालयको छाप :

तयार गर्नेको सही

प्र.अ.को नाम र सही

## ख) आधारभुत तथा एकमुष्ठ अनुदान मागफारम

विद्यालयको नाम :

| क.स. | अनुदान शीषर्क | इकाइ | संङख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम | | | | |
| १.१ | आधारभुत (कक्षा १ देखि ५) | | | | |
| १.२ | आधारभुत (कक्षा ६ देखि ८ | | | | |
| १.३ | माध्यामकि(कक्षा ९देखि १२ | | | | |
| १.४ | माध्यामिक (कक्षा ११ देखि १२ | | | | |
| २ | छात्रवृत्ति | | | | |
| २.१ | गैरआवसीय | | | | |
| २.१.१ | दलित | | | | |
| २.१.२ | सहितका छोराछोरी | | | | |
| २.१.३ | द्वण्द्वपिडित | | | | |
| २.१.४ | अपाङ्ग आधारभुत | | | | |
| २.१.५ | अपाङ्ग माध्यामिक | | | | |
| २.१.६ | मुक्त कम्लहरी | | | | |
| २.१.७ | अति गरिब/लक्षित समूह | | | | |
| २. | आवासीय | | | | |
| ३ | विद्यालय संचालन खर्च | | | | |
| ४ | भौतिक सुविद्या विस्तार कार्यक्रम | | | | |
| ४.१ | नयाँ कक्षाकोठा | | | | |
| ४.२ | प्रयोगशाला | | | | |
| ४.३ | पुस्तकालय | | | | |
| ४.४ | कम्प्युटर ल्याप | | | | |
| ४.५ | कम्पाउण्ड वाल | | | | |
| ४.६ | WASH सुविद्या सहितको सौचालय | | | | |

CamScanner

| क.स. | अनुदान शीर्षक | इकाइ | संङख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| ४.७ | नमूना विद्यालय भवन | | | | |
| ५ | सिकाइ वातावरण सुधारका लागि अनुदान | | | | |
| ६ | कुनै पनि तहमा शिक्षक तथा कर्मचारी अनुदान नपाउने विद्यालय लागि एकमुष्ठ अनुदान | | | | |
| ७ | प्राविधिक तथा विज्ञान विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |
| ८ | कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |
| ९ | कक्षा ९देखि १२ सम्म कम्प्युटर विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |
| १० | प्राविधिक धार कक्षा ९ देखि १२ संचालन गरिरहेका विद्यालयका लागि अनुदान | | | | |
| ११ | नमूना विद्यालयलाई प्रवर्तनात्मक कार्य संचालनका लागि अनुदान | | | | |
| १२ | एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा बहुस्तर आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान | | | | |
| १३ | बहुभाषिक विद्यालयका लागि थप अनुदान | | | | |

प्रधानाध्यापक नाम र सहि
स्रोतव्यक्तिको नाम र सहि

CamScanner

अनुसूची ५

तलब स्केल सम्वन्धी व्यवस्था

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलब स्केल :

| क्र.स. | दर्जा | तलबमान (रु) | | | |
|---|---|---|---|---|---|
| | | तलब स्केल | ग्रेड संख्या | ग्रेड दर रु. | जम्मा रु. |
| क) | प्राथमिक | | | | |
| १ | दुई विषय भन्दा बढी एस.एल.सी अनुर्त्तिण | २६०८२ | ६ | ८६९ | ३१२९६ |
| २ | दुई विषयसम्म एस.एल.सी अनुर्त्तीण | २७६१२ | ६ | ९२० | ३३१३२ |
| ३ | एस.एल.सी उर्त्तिण | ३२९०२ | ६ | १०९७ | ३९४८४ |
| ४ | एस.एल.सी उर्त्तिण | ३४७३० | ८ | ११५८ | ४३९९४ |
| ५ | एस.एल.सी उर्त्तिण | ४३६८९ | ८ | १४५६ | ५५३३७ |
| ख | निम्न माध्यामिक | | | | |
| ६ | निम्न माध्यामिक | ३४७३० | ८ | ११५८ | ४३९९४ |
| ७ | निम्न माध्यामिक | ४३६८९ | ८ | १४५६ | ५५३३७ |
| ८ | निम्न माध्यामिक | ४५८६२ | ८ | १५२९ | ५८०९४ |
| ग | माध्यामिक | | | | |
| ९ | माध्यामिक | ४३६८९ | ८ | १४५६ | ५५३३७ |
| | माध्यामिक | ४८७३७ | ८ | १६२५ | ६१७३७ |
| १० | माध्यामिक | ५६७८७ | ६ | १८९३ | ६८१४५ |

आज्ञाले

.......................................

(संजीव कुमार यादव)

प्रमुख प्रशासकीय अधिकृत

CamScanner